http://www.dotnepal.com

# लोक सेवा आयोग

सशस्त्र प्रहरी सहायक निरीक्षक (प्रशासन) पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७१।१०।१०

**Key (C)**

समय:– ४५ मिनेट ।

पूर्णाङ्क:– ५०

पत्र :- द्वितीय, खण्ड (क)

विषय :- सामान्यज्ञान ।

वस्तुगत बहुउत्तर (५०×१=५० अङ्क ) :–

| उत्तरपुस्तिकामा प्रश्नपत्रको Key अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । साथै परीक्षामा क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाईने छैन । |
|---|

1. नेपालको प्रथम टेस्टट्यूव वेवीको नाम के हो ?
   (A) ओममणी तामाङ (B) राजुमणी तामाङ (C) राममणी तामाङ (D) विष्णुमणी तामाङ
2. सात महादेशका सात उच्च हिमाल आरोहण गर्ने पहिलो नेपाली आरोही महिला को हुन् ?
   (A) सुस्मिता मास्के (B) शैली वस्नेत (C) छ्युरिम शेर्पा (D) जेनी शेर्पा
3. नेपालमा भूकम्प सुरक्षा दिवस कुन दिन मनाइन्छ ?
   (A) भाद्र ५ गते (B) माघ १ गते (C) माघ २ गते (D) भाद्र ४ गते
4. वीरेन्द्र प्रहरी अस्पताल सरकारी अस्पतालको रुपमा कहिले स्थापना भएको हो ?
   (A) चैत, २०४० (B) चैत, २०४१ (C) फागुन, २०४० (D) फागुन, २०४१
5. "उर्लदो सय करोड" अभियान के संग सम्वन्धित छ ?
   (A) बालश्रम विरुद्ध (B) आतङ्कवाद विरुद्ध
   (C) महिला र किशोरीमाथी हुने हिंसा विरुद्ध (D) एच आइ भि एड्स विरुद्ध
6. सन् २०१४ को नोवेल शान्ति पुरस्कार पाउने भारतीय नागरिक "कैलाश सत्यार्थी" को योगदानको मुख्य क्षेत्र कुन हो ?
   (A) वातावरण संरक्षण (B) वालवालिकाको संरक्षण
   (C) चेलिवेटी वेचविखन रोकथाम (D) गरिवी निवारण
7. सन् २०१४ को विश्वकप (फूटवल) को च्याम्पियन हुने राष्ट्र कुन हो ?
   (A) ब्राजिल (B) इटाली (C) जर्मनी (D) अर्जेन्टिना
8. ओलम्पिक खेलमा हरियो, पहेंलो र कालो रङ्गले क्रमश: कुन कुन महादेशलाई जनाउँछ ?
   (A) उत्तर अमेरिका, अष्ट्रेलिया, युरोप (B) अफ्रिका, युरोप, अष्ट्रेलिया
   (C) एसिया, उत्तर अमेरिका, अफ्रिका (D) अष्ट्रेलिया, एसिया, अफ्रिका
9. नेपालमा IMF को आवासीय प्रतिनिधिको कार्यालय कहाँ रहेको छ ?
   (A) अमेरिकी राजदूतावासमा (B) वेलायती राजदूतावासमा
   (C) नेपाल राष्ट्र बैंकमा (D) माथिका कुनै पनि होइन
10. "अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय" नेपालको कुन ठाउँमा छ ?
    (A) कास्की (B) छाउनी (C) सोलुखुम्बु (D) लुम्बिनी
11. "अन्धकार महादेश" भनेर कुन महादेशलाई भनिन्छ ?
    (A) अष्ट्रेलिया (B) दक्षिण अमेरिका (C) अफ्रिका (D) युरोप
12. क्षेत्रफलका हिसावले सवभन्दा ठूलो महादेश कुन हो ?
    (A) अफ्रिका (B) एशिया (C) अन्टार्कटिका (D) उत्तर अमेरिका
13. नेपालसंगै संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गर्ने सार्क (SAARC) राष्ट्र निम्न मध्ये कुन हो ?
    (A) वंगलादेश (B) पाकिस्तान (C) श्रीलंका (D) भूटान
14. तलका मध्ये कुन राष्ट्रलाई संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्मा भिटो प्रयोग गर्ने अधिकार छ ?
    (A) भारत (B) चीन (C) जापान (D) जर्मनी

क्रमश:

http://www.dotnepal.com

15. दक्षिण एशियाको सबभन्दा सानो देश कुन हो ?
(A) श्रीलंका (B) माल्दिभ्स (C) भूटान (D) अफगानिस्तान
16. निम्न सार्क मुलकहरुमध्ये क्षेत्रफलको आधारमा कुन चांही ठूलो छ ?
(A) नेपाल (B) अफगानिस्तान (C) पाकिस्तान (D) श्रीलंका
17. SAFF खेल कति कति वर्षमा आयोजना गरिन्छ ?
(A) २ वर्षमा (B) ३ वर्षमा (C) ४ वर्षमा (D) ५ वर्षमा
18. ए सी सी टि - ट्वान्टी २०१३ को खेलमा अन्तिम चरणसम्म पुगेको नेपाल कुन देशसंग पराजित भएको थियो ?
(A) भारत (B) पाकिस्तान (C) वंगलादेश (D) अफगानिस्तान
19. प्रथम एशियाली खेलकूद् कहाँ भएका थियो ?
(A) नयाँ दिल्ली (B) वेइजिङ्ग (C) काठमाडौ (D) ढाका
20. सामाजिक सञ्जाल फेसबुकको शुरुवात कहिलेदेखि भएको हो ?
(A) सन् २००१ (B) सन् २००३ (C) सन् २००४ (D) सन् २००५
21. पाकिस्तानको पेशावरमा सेनाद्वारा संचालित स्कूलमा सयजना भन्दा बढी स्कुले विद्यार्थीहरुको ज्यान लिने गरी तालिवानद्वारा गरिएको विभत्स आक्रमण कहिले भएको थियो ?
(A) सन् २०१४ डिसेम्बर १४ (B) सन् २०१४ डिसेम्बर १५
(C) सन् २०१४ डिसेम्बर १६ (D) सन् २०१४ डिसेम्बर १७
22. SAARC को स्थापना कहिले भएको हो ?
(A) सन् १९८६ (B) सन् १८८५ (C) सन् १९८५ (D) सन् १९८७
23. एशियाको सवल अर्थतन्त्रमा तलका मध्ये कुन मुलुक पर्छ ?
(A) चीन (B) भारत (C) दक्षिण कोरिया (D) थाइल्याण्ड
24. सार्कका प्रथम महासचिव को हुन् ?
(A) कान्तकिशोर भार्गव (B) यादवकान्त सिलवाल (C) अब्दूल अहसन (D) निहाल रोद्रिगो
25. उन्नाइसौं सार्क (SAARC) शिखर सम्मेलन कुन देशमा आयोजना हुने भएको छ ?
(A) पाकिस्तान (B) भारत (C) माल्दिभ्स (D) अफगानिस्तान
26. "ऋतुविचार" काव्यका रचनाकार को हुन् ?
(A) भानुभक्त आचार्य (B) मोतीराम भट्ट (C) लक्ष्मीप्रसाद देवकोटा (D) लेखनाथ पौड्याल
27. तलका मध्ये कुन कृतिले मदन पुरस्कार प्राप्त गरेको थियो ?
(A) सम्झनाका कुइनेटाहरु (B) खोज
(C) जिन्दगी काँडा कि फूल (D) कर्णाली ब्लुज
28. वि.सं.२०७० सालको पद्मश्री साहित्य सम्मान पुरस्कार कसलाई प्रदान गरियो ?
(A) झमक कुमारी घिमिरे (B) शारदा शर्मा (C) मञ्जु काँचुली (D) चाँदनी हमाल
29. नेपालमा कसलाई शताब्दी पुरुषको संज्ञा दिइयो ?
(A) माधव घिमिरे (B) परशु प्रधान (C) सत्यमोहन जोशी (D) तिलविक्रम नेम्वाङ
30. नेपाललाई अन्तर्राष्ट्रिय पदक दिलाउने प्रथम खेलाडी को हुन् ?
(A) बैकुण्ठ मानन्धर (B) संगिना बैद्य (C) जीतबहादुर के.सी. (D) नर शमशेर
31. सत्रौ एसियाली खेलकूदमा नेपालले जम्मा कति पदक प्राप्त गरेको थियो ?
(A) १ (B) २ (C) ३ (D) ४
32. मोफसलको सर्वाधिक पुरस्कार राशी भएको फुटवल प्रतियोगिता कुन हो ?
(A) सहारा गोल्डकप (B) तिलोत्तमा गोल्डकप (C) बुढासुब्बा गोल्डकप (D) सिमरा गोल्डकप
33. सोमपाल कामी कुन खेलसंग सम्बन्धित खेलाडी हुन् ?
(A) फुटवल (B) भलिवल (C) पौडी (D) क्रिकेट
34. नेपाल र अंग्रेज वीच भएको युद्धमा भक्ति थापाले कुन क्षेत्रको नेतृत्व गरेका थिए ?
(A) देउथल (B) अल्मोडा (C) नालापानी (D) जैथक

क्रमशः

http://www.dotnepal.com



35. कोतपर्व हुंदा नेपालका प्रधानमन्त्री को थिए ?
(A) भिमसेन थापा (B) फत्तेजङ्ग शाह (C) अभिमानसिंह वस्नेत (D) माथवरसिंह थापा

36. वि.सं.१८७१ मा भएको नेपाल - अंग्रेज वीचको "जितगढीको युद्ध" मा नेपाली फौजको नेतृत्व कसले गरेका थिए ?
(A) कर्नेल उजिर सिंह (B) भिमसेन थापा (C) अमरसिंह थापा (D) वलभद्र कुंवर

37. "नेपाल सरकार बैधानिक कानून २००४" घोषणा गर्ने को हुन् ?
(A) मोहन शमशेर (B) त्रिभूवन (C) पद्म शमशेर (D) महेन्द्र

38. नेपालको इतिहासमा उखडा जाँच कमिशन गठन गर्नुको उद्देश्य तलका मध्ये कुन थियो ?
(A) प्रशासन सुधार (B) तलब र पेन्शन व्यवस्थामा सुधार
(C) न्यायीक सुधार (D) जमिन्दारी प्रथामा सुधार

39. नेपालमा योजनावद्ध विकासको शुरुआत कहिलेदेखि भएको हो ?
(A) वि.सं.२००८ साल (B) वि.सं.२०१० साल (C) वि.सं.२०१२ साल (D) वि.सं.२०१३

40. तेह्रौ योजना (आ.व.२०७०/७१-२०७२/७३) ले गरिबीको रेखामुनी रहेको जनसंख्या कति प्रतिशतमा झार्ने लक्ष्य लिएको छ ?
(A) १८ (B) १९ (C) २० (D) २१

41. तलका मध्ये कुन मन्त्रालय अन्तर्गत सबैभन्दा धेरै सार्वजनिक संस्थानहरु छन् ?
(A) उद्योग मन्त्रालय (B) अर्थ मन्त्रालय
(C) बाणिज्य तथा आपूर्ति मन्त्रालय (D) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

42. नेपाल सरकारले हलिया प्रथाको उन्मुलनको घोषणा कहिले गऱ्यो ?
(A) २०६५ भाद्र २१ गते (B) २०६४ भाद्र २१ गते (C) २०६६ भाद्र २१ गते (D) २०६७ भाद्र २१ गते

43. नेपालको सवैभन्दा पुरानो राजनैतिक संगठन निम्न मध्ये कुन हो ?
(A) प्रजापरिषद् (B) नेपाली काँग्रेस (C) कम्युनिष्ट पार्टी (D) प्रचण्ड गोर्खा

44. नेपालमा पहिलो पटक संसदको उपसभामुख हुने महिला को हुन् ?
(A) चित्रलेखा यादव (B) द्वारिकादेवी ठकुरानी (C) यसोदा सुवेदी (D) लिला श्रेष्ठ सुब्बा

45. नेपालमा ऐतिहासिक जनमत संग्रहको निर्वाचन कहिले भएको थियो ?
(A) वि.सं.२०३६ साल (B) वि.सं.२०३७ साल (C) वि.सं.२०४७ साल (D) वि.सं.२०६३ साल

46. वि.सं. २०१५ सालमा भएको आम निर्वाचनमा कति वटा दलले भाग लिएका थिए ?
(A) २१ वटा (B) १४ वटा (C) ७ वटा (D) ९ वटा

47. नेपाल भारत वीचको टनकपुर सन्धी कहिले भएको थियो ?
(A) सन् १९९४ (B) सन् १९९५ (C) सन् १९९६ (D) सन् १९९७

48. सिन्धुपाल्चोकको जुरेमा पहिरो गई सुनकोशी नदी थुनिएको कहिले हो ?
(A) २०७१ साउन १७ (B) २०७१ साउन १८ (C) २०७१ साउन १९ (D) २०७१ साउन २०

49. भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको पहिलो भ्रमण कहिले गरेका थिए ?
(A) २०७१ साउन (B) २०७१ भाद्र (C) २०७१ असार (D) २०७१ जेठ

50. नेपालका केही सरकारी कार्यालयहरुमा १२ घण्टे सेवा दिन कहिलेदेखि शुरु गरियो ?
(A) २०७१ मंसीर १ गते (B) २०७१ मंसीर १५ गते (C) २०७१ मंसीर २९ गते (D) २०७१ पुस १ गते

**उत्तरपुस्तिकामा प्रश्नपत्रको Key अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ। उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ।**

**समाप्त**

http://www.dotnepal.com